कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Ref No :- ०८१/०८२
चलानी नं. / Dispatch No.:- —

मिति:२०८१/०४/०१
ने.सं. ११४४ दिल्लाथ्व १० मंगलवार

**विषयः- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्त जरुरी सुचना ।**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भता प्राप्त गरेका लाभग्राहीले चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नविकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभग्राहिहरु स्वयं वडा कार्यालयमा उपस्थित भई biometric verification प्रणाली मार्फत यही मिति २०८१ श्रावण १ गते देखि भाद्र मसान्तभित्र अनिवार्य रुपले आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ साथै वालवालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिहरुको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले समेत निवेदन दिन सक्नेछन ।

**सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न वडा कार्यालयमा आवश्यक पर्ने कागजातहरु :-**

- ✓ नागरिकता प्रमाणपत्रको प्रतिलिपि सक्कलै १ प्रति, (राष्ट्रिय परिचयपत्र नं.)
- ✓ १ प्रति हालसालै खिचेको लाभाग्राहीको अटो साइजको फोटो,
- ✓ दलित बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै सरक्षकको नागरिकताको प्रतिलिपि,
- ✓ विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको व्यहोरा प्रमाणित भएको वडा कार्यालयको सिफारिस,
- ✓ सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेको र ६० वर्ष उमेर पुगेको महिलाको हकमा सम्बन्धविच्छेदको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको व्यहोरा प्रमाणित भएको वडा कार्यालयको सिफारिस,
- ✓ हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेकी महिलाको हकमा वडाको सिफारिस,
- ✓ अपाङ्ग भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारि भएको अपाङ्गताको परिचयपत्रको प्रतिलिपि ।

याद राख्नुहोस:-

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद मित्र नविकरण नभएमा लाभाग्राहिको लगतकट्टा गरिने र भत्ता प्राप्त नहुने साथै लगतकट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेको सोही अनुसार गर्नु गराउनुहुन सम्पुर्णमा जानकारीको लागि अनुरोध छ।

आ.व.२०८१/८२ देखी भत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य रहेको हुदा राष्ट्रिय परिचयपत्र नभएको खण्डमा नवीकरण गरिने छैन तर ९० बर्ष माथिका नागरिक,अफ्नो हेरचाह आफै गर्न नसक्ने नागरिक,अशक्त असहाय नागरिक,वालवालिकाको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि सेवा उपलब्ध हुनेछ ।

............ ०८१/४/१
(सागर गौतम)
प्रमुख प्रशासकीय अधिकृत
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत